# विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु

**१. विपन्न लक्षित छात्रवृत्ति भनेको के हो ?**

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमध्येबाट PMT विधिबाट विपन्न विद्यार्थी छनौट गरी प्रदान गरिने छात्रवृत्ति हो ।

**२. Proxy Means Testing (PMT) भनेको के हो ?**

प्रत्येक घरपरिवारको महत्वपूर्ण परिसूचकहरूमध्ये उपभोग खर्चसँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रतिनिधि सूचकहरू र गरिबी मापन सर्वेक्षणबाट प्राप्त परिसूचकहरूको तथ्याङ्कीय विधिबाट संयोजन गरी गरिब घरपरिवारहरूको पहिचान गरिन्छ । यस विधिलाई Proxy Means Testing (PMT) विधि भनिन्छ ।

**३. विपन्न लक्षित छात्रवृत्ति पाउन के गर्ने ?**

विपन्न लक्षित छात्रवृत्ति पाउन सर्वप्रथम विपन्न लक्षित फाराम भर्ने । उक्त फाराम **www.sfafdb.edu.np, www.doe.gov.np वा iemis.doe.gov.np** बाट प्राप्त गर्ने ।

**४. कस्ता प्रकृतिका विद्यालयले विपन्न लक्षित छात्रवृत्तिका लागि आवेदन भर्नभराउन सक्नेछन् ?**

आधारभूत तथा माध्यमिक तहका कक्षाहरु सञ्चालन भएका सामुदायिक विद्यालयहरु, तहको कक्षा ८ सम्म सञ्चालन भएको आधारभूत विद्यालय, तल्लो तहको कक्षा सञ्चालन नभइ कक्षा ९-१२ मात्रै चलेका सामुदायिक विद्यालयहरु र नियमित रुपमा सरकारी अनुदानप्राप्त परम्परागत विद्यालयहरुः गुरुकुल/आश्रम, गुम्बा, मदरसाहरुले समेत फाराम भर्न भराउन सक्नेछन ।

**५. कुन कुन कक्षाका विद्यार्थीहरुले विपन्न लक्षित छात्रवृत्तिका लागि आवेदन दिन सक्नेछन् ?**

बुँदा नं. ४ अनुसारका विद्यालयका कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन सक्नेछन् ।

**६. विद्यार्थीले कति कक्षामा छात्रवृत्ति प्राप्त गर्दछ ?**

कक्षा ८ मा फाराम भरी छनौट भएका विद्यार्थीले कक्षा ९ र १० मा छात्रवृत्ति पाउँनेछन र कक्षा १० मा फाराम भर्ने विद्यार्थीले कक्षा ११ र १२ मा छात्रवृत्ति पाउँनेछन।

**७. विद्यार्थीलाई छात्रवृत्ति वापत कति रकम प्राप्त हुन्छ ?**

कक्षा ९ र १० को लागि प्रति कक्षा प्रति विद्यार्थी बार्षिक रु ६०००(छ हजार ) र कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरतका लागि प्रति कक्षा प्रति विद्यार्थी बार्षिक रु २४००००( चौविस हजार ) र विज्ञान बाहेक अन्य विषयमा कक्षा ११ र १२ का लागि प्रति कक्षा प्रति विद्यार्थी बार्षिक रु १८०००( अठार हजार) विद्यार्थीको बैंक खातामा निकासा हुनेछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**८. विद्यार्थीलाई PMT फाराम भराउने, प्रमाणीकरण गर्ने र Entry गर्ने जिम्मेवारी कस- कसको हो ?**

विद्यालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website **www.doe.gov.np वा www.sfafdb.edu.np** बाट Download गरी PMT फाराम उपलब्ध गराउने, उक्त फाराममा उल्लेखित सूचकहरुको सही विवरण भर्न लगाई अभिभावकको सही गराई पेश गर्न लगाउने, प्राप्त फारामहरु प्रमाणीकरणको लागि प्रअ को सिफारिस (PMTमा प्र.अ.को दस्तखत) सहित सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा पठाउने र प्रमाणित भई प्राप्त फाराममा उल्लेखित सूचकहरु Online entry गर्ने र हार्डकपी फारामहरु विद्यालयमा सुरक्षित राख्ने ।

**९. विपन्न लक्षित छात्रवृत्तिको लागि चाहिने पीएमटी एक्सेल (Online Entry का लागि) कहाँबाट प्राप्त गर्ने ?**

हरेक विद्यालयले २०७६ को शैक्षिक सत्रमा भरी Upload गरेको Excel Based IEMIS बाट PMT Excel प्राप्त गर्न सकिन्छ । विद्यालयले विद्यार्थीको Excel Based IEMIS भरेको छैन भने ती विद्यालयहरुलाई PMT Excel प्राप्त हुन सक्ने छैन । हरेक विद्यालयले IEMIS File Web Based Portal मा Upload गर्दा विद्यालयलाई अनलाईनको पासवर्ड पनि दिइएको हुन्छ । विद्यालयले PMT Form Download गर्दा **iemis.doe.gov.np** मा जाने, Log in गर्ने, Export Excels मा जाने, PMT Exporting मा क्लिक गर्ने, सालमा २०७६ छान्ने, कक्षामा ८ र १० राख्ने, अनि Go गर्ने । यति गरेपछि तपाईको Desktop मा PMT भर्ने Excel निस्कन्छ त्यसैमा विवरण भर्ने ।

**१०. विपन्न लक्षित छात्रवृत्तिको लागि चाहिने PMT Excel निकाल्दा Desktop मा देखिएन के गर्ने ?**

यो कम्प्यूटरको समस्या हो । केही समयपछि प्रयास गर्ने ।

**११. विद्यालयको EMIS Code र पासवर्ड थाहा भएन के गर्ने ?**

हरेक विद्यालयलाई आफनो **EMIS Code** र पासवर्ड थाहा हुनुपर्दछ । **EMIS Code** थाहा नभएको अवस्थामा आफ्नो विद्यालयको EMIS फाइल खोल्ने त्यसमा विद्यालयको **EMIS Code** दिइएको हुन्छ । त्यस्तै पासवर्ड थाहा नभएमा स्थानीय तहमार्फत पासवर्ड रिसेट गर्न गराउन सकिन्छ । स्थानीय तहले पासवर्ड रिसेट गर्न जानेन भनेर जानकारी दिएमा स्थानीय तहबाट EMIS मा Log in गर्न लगाउने, Dashboard 2076 मा जान लगाउने, आफ्नो विद्यालयको कोड देखिएपछि Edit गर्न लगाउने र त्यहीबाट नयाँ पासवर्ड रिसेट गराउने ।

**१२. स्थानीय तहबाट पासवर्ड रिसेट हुने अवस्था भएन भने केन्द्रबाट पासवोर्ड रिसेट गर्न सकिन्छ ?**

नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

स्थानीय तहले पत्रमार्फत अनुरोध गरेमा मात्रै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखाबाट पासवर्ड रिसेट गर्न सकिन्छ ।

**१३. PMT Excel निकाल्ने ठाँउमा बालविकास देखि कक्षा १२ सम्मकै लिस्ट रहेछ, किन होला ?**

पछिका दिनमा अरु कक्षाहरुको पनि यसैगरी तथ्याङ्क व्यवस्थापन गर्न सकियोस् भनेर यसो गरिएको हो ।

**१४. एउटा विद्यालयको PMT Excel मा अर्को विद्यालयमा भएका विद्यार्थीहरुको विवरण Entry गर्न हुन्छ कि हुदैन ?**

यो कार्य गर्न मिल्दैन ।

**१५. PMT Excel मा आएको कतिपय विद्यार्थीहरुको नाम, जन्ममिति, अभिभावकको नाम लगायतका विवरण मिल्दैन, सच्याँउन मिल्छ/मिल्दैन ?**

विद्यालयको EMIS भर्दा फाइलमा नै सबै कक्षाका विद्यार्थीहरुको नामनामेसी लगायतका सबै विवरणहरु वास्तविक अभिलेखका आधारमा भर्ने । यदि कुनै विवरण सच्याउनुपरेमा मूल फाइलमा नै सच्याएर सो Excel फाइल Upload गर्ने, अनि PMT Excel Download गरेर अन्य जानकारी भर्ने । अबका दिनमा IEMIS फाइलमा भएको विद्यार्थीको नामनामेसी लगायतका विवरण र छात्रवृत्तिको लागि छनोट भएको विद्यार्थीको विवरण नमिलेमा विद्यार्थीको खातामा छात्रवृत्ति रकम जाँदैन । IEMIS फाइलमा भएअनुसारकै विद्यार्थीहरुको विवरण छात्रवृत्ति लागि भरिने PMT Excel मा समावेश गर्नुपर्नेछ ।

**१६. विद्यार्थीको बोलाउने नाम र जन्मदर्तामा भएको नाम फरक छ, कुन चाहिँ नामलाई लिएर तथ्याङ्क भर्नेभराउने हो ?**

जन्मदर्तामा भएको नाम र जन्ममितिका आधारमा भराउनुपर्नेछ ।

**१७. कक्षा ८ र कक्षा १० को विवरण छुट्टाछुट्टै PMT Excel मा Entry गरी एकै ठाउँमा मिलाएर अनलाइनमा अपलोड गर्दा समस्या आउँछ कि आउँदैन ?**

समस्या हुने होइन तर कहिलेकाँही प्राविधिक समस्या निम्तन सक्ने भएको हुनाले सामान्यतया एउटै एक्सेलमा काम गर्दा राम्रो हुन्छ ।

**१८. कुनै विद्यालयमा अध्ययनरत विपन्न विद्यार्थीको मात्र PMT फाराम भर्नेभराउने हो ?**

विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरुको विवरण भर्नेभराउने हो । भरिएका विद्यार्थीको विवरण PMT विधिबाट विश्लेषण गरी विपन्न विद्यार्थी छनौट गरिन्छ र छनौट भएका विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिन्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**१९. PMT फाराममा उल्लिखित सम्पूर्ण सूचकहरु नभरी नहुने हुन् ?**

सबै सूचकहरु अनिवार्य रुपमा भर्न जरुरी छ ।

**२०. PMT फाराम Hard Copy भराएर शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइदिए हुन्छ ?**

PMT फाराम Hard Copy भराएर केन्द्रमा पठाएर हुदैन । Hard Copy फाराम अनुसारको विवरण Excel मा प्रविष्टि गरेर विद्यालयले Online मा Entry गराउनुपर्दछ ।

**२१. PMT फाराममा उल्लिखित सम्पूर्ण सूचकहरुमध्ये कम सूचक भर्दा विद्यार्थी छानिने सम्भावना बढी हुन्छ भन्छन्, के यो सही हो ?**

सही होइन । आवश्यक जानकारी सबै भरिएन वा अपूर्ण भरिएमा त्यस्तो तथ्याङ्कहरु विश्लेषण नै हुँदैन ।

**२२. IEMIS फाइल भर्दाभराउँदा विद्यालयमा कक्षा ८ मा २५ जना विद्यार्थी थिए, हाल ३५ जना छन्, अब के गर्ने ?**

पहिले IEMIS फाइलमा सबै विद्यार्थीहरुको जानकारी भर्ने, अनि PMT Excel निकाल्ने ।

**२३. IEMIS फाइल भर्दाभराउँदा मेरो विद्यालयमा कक्षा ८ मा ३५ जना विद्यार्थी थिए, हाल २५ जना छन्, अब के गर्ने ?**

PMT Excel निकाल्ने, छोडेका विद्यार्थीहरुको Not In School मा रेजा लगाइदिने ।

**२४. PMT को फाराममा National ID भनेको छ, त्यो भनेको के हो ?**

राष्ट्रिय परिचयपत्र नं वा केन्द्र सरकारले दिएको परिचयपत्र नं भनेको हो । छ भने भर्ने नत्र नभर्ने ।

**२५. चाँडै भरेर अनलाइनमा प्रविष्टि गरियो भने विद्यार्थीहरु छानिने सम्भावना बढी हुन्छ भन्छन्, सही हो र ?**

सही होइन । अन्तिम अवस्थामा अनलाइनमा प्रविष्टि गर्दा भने कहिलेकाँही प्राविधिक समस्या निम्तन सक्छ त्यसैले जतिसक्दो चाँडो PMT Excel भरेर अनलाईनमा प्रविष्टि गराउनुहोला ।

**२६. PMT Hard Copy फाराम प्रमाणीकरणका लागि वडा कार्यालयमा पठाउन अनिवार्य छ ?**

PMT फाराम उल्लिखित विवरणहरुको जानकार पक्ष सम्बन्धित स्थानीय तह/वडा भएको हुँदा विद्यार्थीहरुको विवरण प्रमाणीकरणका लागि पठाउन जरुरी छ । उक्त विवरण विद्यालयले संकलन गरी सबै विद्यार्थीको एकैपटक पठाउन सक्नेछ ।

**२७. छनौट नतिजा कसरी थाहा पाउने ?**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

छनौट भएका विद्यार्थीहरुको प्रारम्भिक सूची शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website **www.doe.gov.np** वा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको website **www.sfafdb.edu.np** प्रकाशन गरिनेछ । विद्यालय तथा विद्यार्थीले उक्त वेभसाइट हेर्न सक्नेछन । साथै विद्यालयले **iemis.doe.gov.np** मा गई आफ्नो user name र password को प्रयोग गरी Poverty Report वाट समेत जानकारी प्राप्त गर्न सक्नेछन ।

२८. **विद्यार्थी/अभिभावक/प्र.अ.ले PMT फाराम भर्दा/भराउदा र बैक खाता खोल्दा के के कुरामा ध्यान दिनुपर्छ ?**

विद्यालयले EMIS भर्दा, PMT फाराम भर्दा तथा बैक खाता खोल्दा विद्यार्थीको नाम थर र उमेर (जन्मदर्ताको आधारमा) एकै हुनुपर्नेछ । साथै छनौट भएका विद्यार्थीले विद्यालय परिवर्तन गरेमा हाल अध्ययन गर्दै गरेको विद्यालयको नाम ठेगाना र अध्ययनरत कक्षा प्रमाणित गरी साविकमा फाराम भरेको (कक्षा ८ र १० मा फारम भरेको) विद्यालयबाट नै बैक खाता र हाल अध्ययनरत विद्यालय विवरण **iemis.doe.gov.np** मा online Entry गर्नुपर्नेछ ।

**२९. सामुदायिक क्याम्पसहरु (कक्षा ११र १२ मात्र सञ्चालित) ले पनि अब यो सुबिधाको लागि Excel Besed IEMIS भर्नुपर्ने हो त ?**

सबै खालका विद्यालयले Excel Besed IEMIS भर्नुभराउनु पर्दछ !

**३०. बिपन्न भनेर दलित अथवा लोपोन्मुख वा सिमान्तकृत जनजातीले मात्रै यो छात्रवृत्ति पाउने हो कि अरुले पनि पाउन सक्छन ?**

बिपन्न भनेर छानिएपछि जो कोहीले पनि यो छात्रवृत्ति पाउन सक्छन !

**३१. PMT फारम भर्दा गत वर्षको मा नै भर्ने हो कि नया Excel निकालेर भर्ने हो ?**

यो वर्ष (शैक्षिक सत्र २०७६ )को PMT Excel निकालेर भर्ने हो, गत वर्षकोमा होइन !

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर